# नेपाल राष्ट्र बैंक
## विकास बैंक सुपरिवेक्षण विभाग

## नारायणी डेभलपमेन्ट बैंक लिमिटेड, रत्ननगर, चितवनलाई
**समस्याग्रस्त संस्थाको सूचीबाट हटाइ बैंकिङ्ग कारोवार गर्न स्वीकृति प्रदान गरिएको सम्बन्धी सूचना ।**

(प्रकाशित मिति २०७७/०४/२२)

यस बैकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था नारायणी डेभलपमेन्ट बैंक लिमिटेड, रत्ननगर, चितवनलाई मिति २०७०/१२/२७ देखि नेपाल राष्ट्र बैंक ऐन २०५८ को दफा ८६ख बमोजिम निक्षेप स्वीकार गर्ने, कर्जा प्रवाह गर्ने, जमानत प्रदान गर्ने लगायतका कारोवार गर्न नपाउने गरी समस्याग्रस्त वित्तीय संस्थाको रुपमा घोषणा गरिएकोमा यस बैंकको मिति २०७७/०४/०८ को निर्णय अनुसार उक्त संस्थालाई समस्याग्रस्त अवस्थाबाट सशर्त फुकुवा गरिएको व्यहोरा सम्पूर्ण सरोकारवाला लगायत सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

(ऋषिकेश भट्ट)
कार्यकारी निर्देशक